आज मिति २०८१/१०/२९ गतेका दिन यस इस्मा गाउँपालिका अध्यक्ष श्री भगत सिंह खड्काज्यूको अध्यक्षतामा देहाय बमोजिमका कार्यपालिका सदस्यहरूको उपस्थितिमा गाउँ कार्यपालिकाको कार्यपालिका बैठक बसी निम्नानुसारका निर्णय गरियो ।

| क्र.सं. | वडा | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | - | श्री भगत सिंह खड्का | अध्यक्ष | |
| २ | - | श्री पार्वती कुँवर | उपाध्यक्ष | |
| ३ | १ | श्री शेर बहादुर कुँवर | सदस्य | |
| ४ | २ | श्री लोकनाथ आचार्य | सदस्य | |
| ५ | ३ | श्री ज्योतिराज कुँवर | सदस्य | |
| ६ | ४ | श्री राजु बस्नेत | सदस्य | |
| ७ | ५ | श्री झविन्द्र अर्याल | सदस्य | |
| ८ | ६ | श्री ढाल बहादुर कुँवर | सदस्य | |
| ९ | १ | श्री रेनुका विष्ट क्षेत्री | सदस्य | |
| १० | २ | श्री सुनिता विश्वकर्मा | सदस्य | |
| ११ | २ | श्री डोल बहादुर सार्की | सदस्य | |
| १२ | ५ | श्री टिका कुमारी घर्ती (कुँवर) | सदस्य | |
| १३ | ५ | श्री बसन्त सुनार | सदस्य | |
| १४ | ६ | श्री खगिसरा पोखरेल | सदस्य | |
| १४ | - | विबेक रणपाल परियार | सदस्य- सचिव | |

कार्यसम्पादन सहयोगी कर्मचारीहरुः

| क्र.स. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | नारायण महत | योजना अधिकृत | |
| २ | लिमकान्त शर्मा रेग्मी | प्रशासन सहायक | |
| ३ | जयपाल विश्वकर्मा | प्रशासन सहायक पाँचौ | |

Scanned with CamScanner

**प्रस्तावहरुः-**

१. अघिल्लो कार्यपालिकाको बैठक सम्बन्धमा ।
२. गाउँसभाको अधिवेशनको दोस्रो बैठक सम्बन्धमा ।
३. पुनः ठेक्का लगाउने सम्बन्धमा।
४. पर्यटन विधेयक र खानेपानी सरसफाई तथा स्वच्छता विधेयक सम्बन्धमा।
५. संशोधन प्रस्ताव सम्बन्धमा।
६. विराट चक्र विज्ञान कार्यक्रममा सहभागिता सम्बन्धमा।
७. दहत्तर बहत्तर ठेक्का नलागेका स्थानको आय उठाउने सम्बन्धमा।
८. स्थानीय तह स्वमूल्याङ्कन सम्बन्धमा।
९. विविध।

**निर्णयहरुः-**

निर्णय नं १- यस अघिको कार्यपालिका बैठकका निर्णय उपर छलफल गर्दा कार्य सन्तोषजनक रहेको निर्णय गरियो।

निर्णय नं २- गाउँसभाको सत्रौ अधिवेशनको दोस्रो बैठक फागुन महिनाको ५ गते बस्ने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं ३- संघीय विशेष अनुदान अन्तर्गत ठेक्का व्यवस्था भए पश्चात बाकी रहेको रकमको सोही स्वास्थ्य चौकीका लागि थप कार्य अगाडी बढाउने गरी पुनः ठेक्का व्यवस्था गर्ने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं ४- पर्यटन विधेयक र खानेपानी सरसफाई तथा स्वच्छता विधेयक २०८१ सम्बन्धमा आसन्न गाउँसभाको बैठकमा पेश गर्ने गरी उक्त विधेयक कार्यपालिकाबाट पारित गर्ने निर्णय गरियो।

निर्णय नं ५- अघिल्लों गाउँसभाको प्रथम बैठकमा पेश गरिएका विधेयक उपर निर्धारित समयमा संशोधन प्रस्ताव पेश हुन नआएकोले दफावार छलफल गर्नका लागि आसन्न बैठकमा पेश गर्ने निर्णय गरियो।

निर्णय नं ६- विराट चक्र विज्ञान कार्यक्रममा सहभागिता जनाउनका लागि अधिकतम संख्यामा जनप्रतिनिधी र कर्मचारीलाई सूचित गरी सहभागी गराउने सर्वसम्मत निर्णय गरियो।

भगत सिंह ...
अध्यक्ष

निर्णय नं ७ – इस्मा गाउँपालिका भित्रका खोला किनारबाट दहत्तर बहत्तर ठेक्का खोलिएकोमा दोस्रो पटकको सूचना आवहान गर्दा समेत आय ठेक्का नलागेका स्थानहरुबाट पालिका आफैले प्रारम्भिक वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन अनुसारको परिमाण भन्दा बढी नहुने गरी आय गर्ने गरी व्यवस्था मिलाउने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं ८ – स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७ बमोजिम यस इस्मा गाउँपालिकाको आ.व. २०८०।८१ मा विभिन्न १० वटा क्षेत्रका १०० वटा सूचकका आधारमा प्रविष्टी गरिएको कार्यसम्पादनको विवरण तथा जिल्ला समन्वय समितिको कार्यालय,गुल्मीको पृष्ठपोषण समेतका आधारमा देहाय बमोजिमको ९५ अंक कायम हुन आएकोले उक्त नतिजालाई अनुमोदन गर्दै सम्वन्धित सबैमा जानकारी गराउने सर्वसम्मत निर्णय गरियो।

**स्थानीय तह संस्थागत स्वमूल्याङ्कन:**

| जम्मा प्राप्ताङ्क | समग्र स्थिति | प्रक्रियागत स्थिति | परिमाणात्मक स्थिति |
|---|---|---|---|
| ९ | ९०.४८ | ९१.१८ | १०० |

| क स | सूचक | स्कोर प्रतिशत | कैफियत |
|---|---|---|---|
| १ | शासकीय प्रवन्ध | १०० | |
| २ | संगठन तथा प्रशासन | १०० | |
| ३ | वार्षिक बजेट तथा योजना व्यवस्थापन | ९०.९१ | |
| ४ | वित्तीय एवं आर्थिक व्यवस्थापन | १०० | |
| ५ | सेवा प्रवाह | १०० | |
| ६ | न्यायिक कार्यसम्पादन | १०० | |
| ७ | भौतिक पूर्वाधार | ८४.६२ | |
| ८ | सामाजिक समावेशीकरण | १०० | |
| ९ | वातावरण संरक्षण तथा विपद व्यवस्थापन | ७७.७८ | |
| १० | सहकार्य र समन्वय | १०० | |
| | जम्मा | ९५ | |

निर्णय नं ९ – आसन्न गाउँसभाको वैठकमा इस्मा गाउँपालिकाको आर्थिक ऐन २०८१ संशोधन गर्न बनेको विधेयक २०८१ र इस्मा गाउँपालिकाको विनियोजन ऐन २०८१ संशोधन गर्न बनेको विधेयक २०८१ पेश गर्ने प्रयोजनार्थ उल्लिखित विधेयक कार्यपालिकाबाट पारित गर्ने सर्वसम्मत निर्णय गरियो।

भगत सिंह खड्का
अध्यक्ष

Scanned with CamScanner

निर्णय नं १० – इस्मा गाउँपालिका तथा वडाँ कार्यालय समेतलाई विपक्षी बनाई विभिन्न मितिमा मुद्दा लेको सन्दर्भमा मुद्दा नं ०८०-WO-०१९४ र ०८०-WO-०२१९ को लिखित जवाफ मस्यौदा, बहस तिरक्षा गरे बापत कानून व्यवसायी बाट भुक्तानी माग गरेको हुँदा उक्त मुद्दाको बहस पैरवी गर्ने, लिखित जवाफ पेश गर्ने, वारेश लगायतको भुक्तानी दिने निर्णय गरियो।

भक्त सिंह बडुवा
अध्यक्ष